# कोरोना संकट व्यवस्थापन केन्द्रको १४ औं बैठकका निर्णयहरु

**मिति : २०७८/०८/०८**

१. कोरोना संकट व्यवस्थापन केन्द्रका विगत बैठकबाट भएका निर्णय बमोजिमका निकायगत जिम्मेवारीको एकिकृत रुपमा कार्यान्वयन गरी प्रदेशमा खोप व्यवस्थापन, स्वास्थ्य सामग्री व्यवस्थापन, होल्डिङ्ग सेन्टर व्यवस्थापनका कार्यहरुलाई प्रभावकारी रुपमा अगाडि वढाउने। सो को समन्वय र सहजीकरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गर्ने।

२. प्रदेशमा कोभिड १९ बाट संक्रमितको संख्या, अवस्था स्पष्ट देखिने गरी स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालयले नियमित तथ्याङ्क संकलन गरी सार्वजनिक गर्ने र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा नियमित प्रतिवेदन गर्ने व्यवस्था मिलाउने।

३. कोभिड १९ तेश्रो लहरको संभावनालाई दृष्टिगत गरी कोभिड विशेष अस्पतालहरुको आवश्यकताअनुसार स्तरवृद्धि र विस्तार गर्ने।

४. १२ जिल्लाका जिल्ला अस्पतालहरुलाई कोभिड रोकथाम र नियन्त्रण सम्वन्धी कार्य गर्न तयारी अवस्थामा राख्ने। सवै जिल्ला अस्पतालहरुलाई रिफरल अस्पतालका रुपमा विकास गर्न आवश्यक जनशक्ति, उपकरण भए नभएको अध्ययन गरी सोको व्यवस्थापन स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालयले गर्ने।

५. सबै स्थानीय तहमा १/१ वटा आइसोलेसन केन्द्र स्थापना गर्नुपर्ने अवस्थामा तुरुन्तै स्थापना गर्न सकिने गरी तयारी अवस्थामा रहन अनुरोध गर्ने।

६. सरकारी अस्पताल, सामुदायिक अस्पताल र निजी अस्पताललाई समेत आवश्यकता बमोजिम कोभिड रोकथाम, नियन्त्रण र उपचारमा सहभागी हुन स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालयले समन्वय गर्ने।

७. जिल्लाका विभिन्न संघसंस्थाहरुबाट सञ्चालनमा ल्याइएका एम्वुलेन्सहरु उपयुक्तताका आधारमा तोकिएको कार्यमा मात्र प्रयोग गर्न आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले सवै जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग समन्वय गर्ने।

८. हाल प्रदेशका विभिन्न स्थानमा निर्माणाधिन अवस्थामा रहेका होल्डिङ्ग सेन्टरहरु प्रदेशस्थित नेपाली सेना र सम्वन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीसंग समन्वय गरी तोकिएको समयमा नै निर्माण सम्पन्न गर्ने व्यवस्था स्वास्थ्य जनसंख्या तथा परिवार कल्याण मन्त्रालयले मिलाउने।

मुख्यमन्त्री

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

मुख्यमन्त्री

९. कोभिड १९ सम्वन्धमा प्रदेश सरकारले संघीय सरकारबाट शोधभर्ना लिनुपर्ने बजेट रकमका सम्वन्धमा स्वास्थ्य, जनसंख्या तथा परिवार कल्याण मन्त्रालयसँग विवरण माग गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाल सरकारसँग समन्वय गर्ने।

१०. प्रदेशमा दुर्घटना न्यनीकरण सम्वन्धमा आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले सुरक्षा निकायसँग आवश्यक समन्वय गरी राजमार्ग र दुर्घटना संभावित स्थानहरुमा साँकेतिक र सचेतनामूलक सामग्रीको व्यवस्था गर्ने।

११. प्रदेशमा आत्महत्या र दुर्व्यसनीका गतिविधिलाई न्यूनिकरण गर्न आवश्यकता बमोजिम शिक्षक, विद्यार्थि, सुरक्षा निकाय र स्वास्थ्यकर्मी परिचालन गर्ने व्यवस्था आन्तरिक मामिला मन्त्रालयले अन्य सरोकारवाला निकायहरुसँग समन्वय गरी मिलाउने। सोका लागि सबै सरोकारवाला निकायहरुसँगको समन्वयमा संयुक्त कार्ययोजना निर्माण गर्ने।

१२. प्रमुख जिल्ला अधिकारी र स्थानीय तहहरुसँग समन्वय गरी आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले विपद राहत समयमै उपलब्ध हुने व्यवस्था मिलाउने।

१३. विपद राहत सामग्री आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले आवश्यक व्यवस्थापन गरी वितरणको उपयुक्त व्यवस्था मिलाउने। विपद व्यवस्थापन कोषमा तोकिएको रकम यथोचित शोधभर्नाको व्यवस्था मिलाउने।

१४. आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले प्रदेशमा विपद व्यवस्थापनको विषयमा प्रभावकारी मोडेलको विकास गरी अभियानका रुपमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

मुख्यमन्त्री